# अख्तियार दुरुपयोग अनुसन्धान आयोग
## टङ्गाल, काठमाडौं

मिति: २०८३।०८।०९ गते।

# प्रेस विज्ञप्ति

**विषय: आरोपपत्र दायर गरिएको।**

गोश्वारा हुलाक कार्यालय, पार्सल शाखा, डिल्लीबजारमा कार्यरत नायब सुब्बा छबि प्रसाद रिजालसमेतले कुरियर कम्पनीमार्फत विदेशमा कुरियर गरी विभिन्न सामान पठाउँदा सेवाग्राहीसँग घुस (रिसवत) माग गरेको भन्ने सूचना एवम् उजुरी निवेदनको आधारमा अख्तियार दुरूपयोग अनुसन्धान आयोग, टंगालबाट खटिई गएको टोलीले निजलाई घुस रकमसहित नियन्त्रणमा लिइएको थियो।

अनुसन्धानको सिलसिलामा गोश्वारा हुलाक कार्यालय, पार्सल शाखा, डिल्लीबजारमा कार्यरत नायब सुब्बा छबि प्रसाद रिजालसमेतले आफ्नो पद तथा ओहदाको दुरूपयोग गरी बदनियत राखी आपसी मिलेमतो तथा योजनामा सेवाग्राहीको सामान गोश्वारा हुलाक कार्यालयमार्फत कुरियर गरी विदेश पठाउनको लागि विभिन्न बहाना बनाई बार्गेनिङ गरी घुस (रिसवत) माग गरी गराई घुस (रिसवत) बापतको रकम रू.२०,०००/- (बीस हजार रूपैयाँ) लिएको पुष्टि भएकोले निजको उक्त कार्य भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (१) बमोजिमको कसुर भएको हुँदा निजलाई बिगो रू.२०,०००/- (बीस हजार रूपैयाँ) कायम गरी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (१) को देहाय (क) बमोजिम कैद र सोही ऐनको दफा ३ को उपदफा (१) बमोजिम बिगोबमोजिम जरिवाना सजाय हुन मागदाबी लिई आज विशेष अदालत, काठमाडौंमा आरोपपत्र दायर गरिएको छ।

सहायक प्रवक्ता
पर्वत गिरी